बागमती प्रदेश सरकार

## सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

### टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौं

## समस्याग्रस्त घोषित सहकारी संस्थाका सम्पूर्ण ऋणीहरुलाई ऋण तिर्न आउने बारेको सूचना

सूचना प्रकाशित मिति : २०८२/०४/०९

बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ बमोजिम समस्याग्रस्त घोषित गरिएका तपसिलमा उल्लेखित सहकारी संस्थाका ऋणीहरुले सो संस्थाबाट उपभोग गर्नुभएको ऋण कर्जा रकमको साँवा तथा व्याज रकम फरफारको लागि पटक पटक सूचना प्रकाशित गरिएको र फोनबाट पनि आफ्नो ऋण तिर्नको लागि जानकारी गरिसक्दा पनि ऋणीहरु सम्पर्कमा नआएको हुँदा आफूले तिर्नु/बुझाउनु पर्ने ऋण रकम **मिति २०८२ भाद्र ३१ गतेभित्र यस समितिको बैंक खातामा बुझाएको हकमा सो को व्याज गणना र हर्जनाको हिसाब सम्बन्धित सहकारी समस्याग्रस्त घोषणा हुनु भन्दा अघिल्लो दिनलाई आधार मानिने** तथा **२०८२ भाद्र मसान्त सम्म पनि ऋण रकम चुक्ता गर्न नआउने ऋणीहरुको हकमा ऋण चुक्ता गर्ने मितिको अघिल्लो दिनसम्म आधार मानि साँवा, व्याज र हर्जना रकम गणना गरी ऋण असुली गर्ने** समितिको निर्णय भएकोले ऋण फरफारक गर्न यस कार्यालयमा अविलम्ब सम्पर्क गर्नुहुन सम्पूर्ण ऋणीहरुलाई जानकारी गराईन्छ| अन्यथा ऋण असुली सम्बन्धी आवश्यक कानूनी कारवाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुमा जानकारी गराईन्छ ।

तपसिलः

| क्र.सं | सहकारी संस्थाको नाम | समस्याग्रस्त घोषणा मिति |
|---|---|---|
| १. | सिभिल बचत तथा ऋण सहकारी संस्था | २०८०/०५/२१ |
| २. | दर्शन बचत तथा ऋण सहकारी संस्था | २०८१/०७/११ |
| ३. | नेशनल नमोबुद्द बचत तथा ऋण सहकारी संस्था | २०८१/०९/२८ |
| ४. | लालीगुराँस बचत तथा ऋण सहकारी संस्था | २०८१/०९/२८ |
| ५. | सुमेरु बचत तथा ऋण सहकारी संस्था | २०८१/०९/२८ |